आज मिति २०८३ जेठ २० गते बुधवारका दिन भागेश्वर गाउँपालिकाको कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री हेमराज चटौत ज्यूको अध्यक्षतामा बसी देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| क्र सं | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | गा.पा. अध्यक्ष | श्री हेमराज चटौत | |
| २ | गा.पा. उपाध्यक्ष | श्री पुष्पा ठकुराठी | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री मणिकराज भट्ट | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री उपेन्द्र बहादुर जोरा | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री डम्बर राज जोशी | |
| ६ | वडा अध्यक्ष वडा नं.४ | श्री बसन्त राज चटौत | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री नरेन्द्र बहादुर थापामगर | |
| ८ | कार्यपालिका सदस्य | श्री बसन्ती देवी थापा | |
| ९ | कार्यपालिका सदस्य | श्री राजु चुनारा | |
| १० | कार्यपालिका सदस्य | श्री राजेश्वरी भट्ट पाण्डेय | |
| ११ | कार्यपालिका सदस्य | श्री गंगी सार्की | |
| १२ | कार्यपालिका सदस्य | श्री रमेश राम लुहार | |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना सिकर्मी | |
| १४ | सदस्य सचिव | श्री जितेन्द्र प्रसाद ओझा | |

CamScanner

प्रस्तावहरु :

१. गाउँसभा अधिवेशन आह्वान सम्वन्धमा।

२. आ.ब. २०८१।०८२ को महालेखा परिक्षकको प्रतिवेदन सम्वन्धमा ।

३. ऐन, नियम, कार्यविधि तथा मापदण्ड सैद्धान्तिक सहमती सम्वन्धमा ।

४. करार पदपुर्ति सम्वन्धमा ।

५. उत्कृष्ट विद्यार्थि पुरस्कार सम्वन्धमा ।

६. CLC मा परिचालिका सम्वन्धमा।

७. सम्मान गर्ने सम्वन्धमा ।

८. बिविध विषयमा ।

निर्णय नं १ प्रस्ताव नं १ माथि छलफल गर्दा भागेश्वर गाउँपालिकाको १९ औं गाउँअधिवेशन मिति २०८३ जेठ २८ गते आह्वान गर्ने र आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रमलाई सन्तुलित, जनमुखी र कार्यान्वयनयोग्य बनाउनका लागि सरोकारवालाहरूसँग व्यापक छलफल तथा परामर्श गर्ने तथा स्थानीय आवश्यकता एवं प्राथमिकताका क्षेत्रहरू पहिचान गर्न विषयगत समिति, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, प्रत्येक वडाबाट १/१ जना प्रअ, सामुदायिक बनका अध्यक्ष, उद्योग वाणिज्य संघका प्रतिनिधि, बुद्धिजीवी र जनप्रतिनिधिहरू सम्मिलित बैठक तत्काल आयोजना गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं २ प्रस्ताव नं २ माथि छलफल गर्दा महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनले औंल्याएका बेरुजुहरू स्थानीय सरकारको वित्तीय अनुशासन र सुशासनका लागि गम्भीर विषय भएकाले वित्तीय जवाफदेहिता प्रवर्द्धन गर्न निम्न बमोजिम गर्ने/गराउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

१. **बेरुजु फछ्र्यौट सम्बन्धी निर्देशनः** महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख भएका सम्पूर्ण बेरुजुहरूलाई कानुन बमोजिम फछ्र्यौट गर्न, आवश्यक प्रमाण कागजातहरू सङ्कलन गर्न र बेरुजुको दरलाई शून्यमा झार्ने गरी तदारुकताका साथ कार्य सम्पादन गर्न यो गाउँकार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो।

२. **असुलउपर गर्ने सम्बन्धमाः** प्रतिवेदनमा स्पष्ट रूपमा "असुलउपर गर्नुपर्ने" भनी औंल्याइएका बेरुजु रकमहरूको हकमा सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी, कर्मचारी वा पदाधिकारी समेतलाई पत्रचार तथा जानकारी गराई तोकिएको म्यादभित्र सो रकम अनिवार्य रूपमा सङ्कलन गरी सङ्घीय/स्थानीय सञ्चित कोषमा दाखिला गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

३. **नियमित गर्ने सम्बन्धमाः** "नियमित गर्नुपर्ने" भनी औंल्याइएका बेरुजुहरूको हकमा अपुग भएका प्रमाण कागजात, पेश्की फर्स्यौट विवरण, कार्यपालिकाका निर्णयहरू, वा प्राविधिक नापजाँचका कागजातहरू के-के आवश्यक पर्ने हो, सोको पहिचान गरी नियमानुसार प्रक्रिया पुऱ्याई यथाशीघ्र बेरुजु नियमित गर्ने/गराउने तर्फ भागेश्वर गाउँपालिकाको लेखा समितिलाई अनुरोध गर्ने निर्णय गरियो।

४. **गाउँसभामा पेश गर्ने सम्बन्धमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था बमोजिम महालेखा परीक्षकको कार्यालयबाट प्राप्त आव २०८१/०८२ को वार्षिक प्रतिवेदनलाई विस्तृत छलफल र आवश्यक निर्देशनका लागि आगामी बस्ने **"गाउँसभाको १९ औं अधिवेशन"** मा पेश गर्ने निर्णय गरियो।

CamScanner

५. **वेवसाईट मार्फत प्रतिवेदन सार्वजनिक गर्ने सम्बन्धमा:** महालेखा परीक्षकको कार्यालयबाट प्राप्त आर्व २०८१/०८२ को यो वार्षिक प्रतिवेदनलाई पारदर्शिता प्रवर्द्धनका लागि आधिकारिक वेबसाइट मार्फत तत्काल सार्वजनिक गर्ने निर्णय गरियो।

निर्णय नं ३ प्रस्ताव नं ३ माथि छलफल गर्दा देहाय बमोजिमका ऐन, नियम कार्यविधि तथा मापदण्डको मस्यौदा तयार गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरियो। उक्त मस्यौदा प्रचलित कानुन बमोजिम तयार पारि स्वीकृतिका लागि कार्यपालिका समक्ष पेस गर्न विधायन समितिलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

१. कृषि एम्बुलेन्स संचालन कार्यविधि, २०८३
२. एन डि प्रकाश पत्रकारिता पुरस्कार कार्यविधि, २०८३
३. युवा संग अध्यक्ष कार्यक्रमको मापदण्ड, २०८३

निर्णय नं ४ प्रस्ताव नं ४ माथि छलफल गर्दा भागेश्वर गाउँपालिकामा ईन्जिनियर पद १ रिक्त रहेका कारण कार्यालयको नियमित कामकाजमा बाधा परेकोले स्थायी पदपुर्ति नभएका सम्मका लागि नियमित कामकाज संचालन गर्न करार सेवाको पदपुर्तिको लागि र भागेश्वर गाउँपालिका वडा नं ३ मा रहेको आखा उपचार केन्द्रमा कर्मचारी रिक्त भएका कारण सेवा प्रावहमा बाधा परिरहेकोले नेत्र सहायक १ पदपुर्तिका लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयबाट शैक्षिक सत्र २०८२ मा कक्षा ८ र १० मा सवैभन्दा उत्कृष्ट नतिजा प्राप्त गर्ने छात्र/छात्रालाई तपसिल बमोजिमको पुरस्कार वितरण गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

<u>तपसिल:</u>

१. कक्षा ८ मा उत्कृष्ट नतिजा प्राप्त गर्ने १/१ जना छात्र/छात्रालाई जनही रु. १००००।००
२. कक्षा १० मा उत्कृष्ट नतिजा प्राप्त गर्ने १/१ जना छात्र/छात्रालाई जनही रु. १५०००।००

निर्णय नं. ६ प्रस्ताव नं ६ माथि छलफल गर्दा भागेश्वर गाउँपालिका अन्तर्गत रहेका ३ वटा सामुदायिक सिकाई केन्द्रमा रहेका समुदायिक परिचालिकालाई विद्यालयमा परिचालन गरेकोमा निजहरुलाई पूर्वरत रुपमा सामुदायिक सिकाई केन्द्रबाटै परिचालन हुने गरि फिर्ता पठाउने र सामुदायिक सिकाई केन्द्रबाट परिचालन र सो को लागि वडा कार्यालय मार्फत अनुगमनको व्यवस्था मिलाउने निर्णय सर्वसम्मतिले पारित गरियो।

निर्णय नं. ६ प्रस्ताव नं ६ माथि छलफल गर्दा भागेश्वर गाउँपालिका वडा ४ ढणानी स्थायी घर भई हाल सशस्त्र प्रहरी बल पर्वतिय तालिम शिक्षालय मनाङमा कार्यरत सशस्त्र प्रहरी जवान श्री मनोज नाथले ६०३८ मिटर उचाई भएको चुलो फारिष्ट हिमाल सकुशल रुपमा आरोहण गरि भागेश्वर गाउँपालिकाकै नाम उच्च बनाएकोले उहाँलाई भागेश्वर गाउँकार्यापालिका परिवारबाट हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्ने र सम्मान स्वरुप नियमानुसारको करकट्टि गरि बिविध शिर्षकबाट रु. २५०००।०० नगद सहित कार्यपालिकाले सम्मान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

बिविध :

१. आर्थिक रुपले बिपन्न भएका भागेश्वर गाउँपालिका वडा नं ५ वस्ने मान बहादुर महतालाई आर्थिक सहायता शिर्षकबाट रु २००००।०० सहयोग गर्ने निर्णय गरियो ।